# कृषि विकास निर्देशनालय दिपायल डोटी

## आ.व. २०८०/०८१ को कृषि यान्त्रीकरण कार्यक्रम अन्तरगत कृषक छनौट मुल्यांकनमा आएका गुनासाहरुको विवरण

| क.स. | गुनासो कर्ताको नाम | ठेगाना | गुनासो | फाईल अध्ययन गर्दा देखिएका विवरण र निर्देशनालयबाट गरिएको निर्णयहरु |
|---|---|---|---|---|
| १ | हरि बहादुर साउद | शैल्यशिखर ९ दार्चुला | छनौट सुचीमा एकै परिवारका दुई जना सदस्यको नाम भएको । | कृषि यान्त्रीकरण औजार उपकरण अनुदानका लागी दार्चुला जिल्लाका कृषकहरु सँग सम्झौता गर्दा नाम भिडाएर एक परिवारको एक जना सँग मात्रै सम्झौता गर्ने । |
| २ | नन्दा देवी नाथ (टि एन कृषि फर्म) | परशुराम १, डडेल्धुरा | फर्मको कर चुक्ता प्रमाण पत्र नभएको भनी छनौट सुचीबाट आवेदन हटाईएकोमा मेरो टि एन कृषि फर्म २०८०/०९/११ मा मात्रै दर्ता भएको, पुरानो कारोबार टि एन सपिङ्ग कम्पलेक्स को नाम बाट भएकोमा टि एन कृषि फर्मको कर चुक्ता आगामी आ.व.मा हुने भएकाले आवेदन छनौट गरि दिन हुन । | आवेदन संग संलग्न कर चुक्ता टि एन सपिङ्ग कम्पलेक्सको नामबाट भएको र पान दर्तामा कारोबार थप गरेर टि.एन. कृषि फर्म बनाईएकोमा उक्त फर्म २०८०/०९/११ बाट सुरु भएको देखिएकाले निर्देशनालयबाट कागजात चेकजाच गर्दा त्रुटिवस उक्त आवेदन छनौट सुचीबाट हटाईएकोमा उक्त निर्णयमा पुनरावलोकन गरी टि एन कृषि फर्मबाट माग भएको कृषि औजार उपकरण (कम्वाइन राइस मिल) अनुदानमा उपलब्ध गराउने निर्णय भएको। |
| ३ | नारायण गिरी (गोरखनाथ कृषि पशु तथा मत्स्य पालन फर्म) | परशुराम १, डडेल्धुरा | भौतिक पुर्वाधारमा सवे भएकोमा नभएको र लाभान्वितमा १० जना भन्दा बढी भएकोमा ५ जना मात्रै भनी मुल्यांकन गरेको । | गुनासोकर्ताको आवेदनको अनुसूची ४ (ख) अनुदानमा कृषि औजार यन्त्र तथा उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने प्रस्तावको बुदा नं. ८ मा लाभान्वित कृषक संख्या मा कुनै पनी विवरण उल्लेख नगरेको र बुदा नं. १२ मा उपलब्ध भौतिक पुर्वाधारहरु (सिचाई, सडक र विधुत आदी) को अवस्थामा निवेदकले कुनै पनि विवरण उल्लेख नगरेकाले निजको आवेदन मुल्यांकन गर्दा दुइटै बुदामा न्यूनतम अंक प्रदान गरिएकोमा निर्देशनालयबाट यस अघि गरिएको मुल्यांकन यथावत राखिएको । |

प्रमुख

CamScanner